# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १८ गते २०२४ साल

श्री ५ को सरकार

### स्वास्थ्य–मन्त्रालयको

### सूचना

#### विफर नियन्त्रण नियमावली, २०२३

विफर नियन्त्रण ऐन, २०२० को दफा १९ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरु सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः-

#### परिच्छेद–१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "विफर नियन्त्रण नियमावली, २०२३" रहेको छ।

(२) यो नियमावली, बागमती अञ्चलको नुवाकोट, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर र कोशी अञ्चलको सुनसरी र मोरंग जिल्लाहरूमा तुरुन्त र अन्य अञ्चल वा जिल्लामा श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः– विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–



26

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "ऐन" भन्नाले विफर नियन्त्रण ऐन, २०२० सम्झनु पर्छ,

(ख) "सुपरिण्टेण्डेण्ट" भन्नाले स्थानीय क्षेत्रको निमित्त नियुक्त गरिएको खोपको सुपरिण्टेण्डेण्ट सम्झनु पर्छ,

(ग) "सुपरभाइजर" भन्नाले स्थानीय क्षेत्रको निमित्त नियुक्त गरिएको खोपको सुपरभाइजर सम्झनु पर्छ,

(घ) "खोप्ने व्यक्ति" भन्नाले यस नियमावली अन्तर्गत खोप्ने अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ,

(ङ) "संरक्षक" भन्नाले बालकको संरक्षक सम्झनु पर्छ,

(च) "स्वयमसेवक" भन्नाले पञ्चायतले खटाएको स्वयम सेवक सम्झनु पर्छ,

(छ) "प्रमाणपत्र" भन्नाले यस नियमावलीको नियम ५ (३) बमोजिम प्रदान गरिने प्रमाणपत्र सम्झनु पर्छ,

(ज) "स्टयाण्डर्ड भ्याक्सिन" भन्नाले भ्याक्सिन बनाउन र वितरण गर्न लाइसेन्स प्राप्त कम्पनीले तयार गरेको भ्याक्सिन सम्झनु पर्छ।

## परिच्छेद–२

### क्षेत्र विभाजन र खोपाउने व्यवस्था

३. क्षेत्र विभाजनः– (१) श्री ५ को सरकारले विफर नियन्त्रण कार्यक्रमका प्रमुखसंग सल्लाह गरी खोप्ने कार्यको निमित्त क्षेत्रको विभाजन गर्ने छ र प्रत्येक क्षेत्रको निमित्त आवश्यकतानुसार एक वा सोभन्दा बढी सुपरिण्टेण्डेण्ट नियुक्ति गर्ने छ।

(२) उप–नियम (१) बमोजिम क्षेत्र विभाजन गरिएपछि सुपरिण्टेण्डेण्टले त्यस्ता क्षेत्रमा खोपाउने ठाउँहरू कायम गर्ने छ।

(३) उप–नियम (२) अन्तर्गत कायम गरिएको खोप्ने ठाउँ वा त्यसको नजिकमा सर्वसाधारण जनताले देख्ने गरी अनुसूची १ मा लेखिएबमोजिमको ठूलो संकेत पाटी (साइनबोर्ड) टाँगिने छ।

४. सुपरिण्टेण्डेण्ट र अन्य कर्मचारीहरू सम्बन्धी व्यवस्थाः– (१) देहायबमोजिमको योग्यता नभई कुनै व्यक्ति सुपरिण्टेण्डेण्टको पदमा नियुक्ति हुन वा बहाल रहन सक्ने छैन :–

(क) एस. एल. सी. वा सो सरहको शैक्षिक योग्यता भएको, र

(ख) यी नियमहरू बमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गरेको।

(२) खोप्ने कार्यको लागि आवश्यक संख्यामा खोप्ने व्यक्तिहरू नियुक्त गरिने छन्। खोप्ने व्यक्तिहरूको योग्यता कमसेकम देहायबमोजिमको हुनुपर्छः–

(क) देवनागरी लिपिमा नेपाली भाषा राम्रोसंग लेख्न र पढ्न सक्ने योग्यता भएको, र

२८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यी नियमहरूबमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गरेको ।

(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेवकहरूले पनि नियम ५ को उप-नियम (१) मा लेखिएबमोजिमको तालीम प्राप्त गरी खोप्ने काम गर्न सक्ने छन् ।

५. तालीम र प्रमाणपत्रः– (१) सुपरिण्टेण्डेण्ट र खोप्ने व्यक्तिहरूलाई देहायको तालीम दिइने छः–

(क) छालासम्बन्धी साधारण ज्ञान,

(ख) विफरसम्बन्धी साधारण ज्ञान,

(ग) विफर नियन्त्रण कार्यक्रममा अपनाइने मल्टिपल प्रेसर तथा अन्य तरीकाहरूको ज्ञान,

(घ) स्वास्थ्यसम्बन्धी साधारण ज्ञान,

(ङ) सुकेको खोपको औषधि (ड्राइड भ्याक्सिन) बारे साधारण ज्ञान, र

(च) अभिलेख (रेकर्ड) राख्ने तरीका ।

(२) सुपरिण्टेण्डेण्टलाई उप-नियम (१) मा लेखिएका कुराहरूका अतिरिक्त प्रशासकीय विषयमा पनि तालीम दिइने छ ।

(३) उप-नियम (१) बमोजिमको तालीममा सफल हुने व्यक्तिहरूलाई प्रमाणपत्र दिइने छ ।

(४) उप-नियम (१) अन्तर्गतको तालीम अवधि साधारणतया ६ दिनको हुनेछ ।

(५) उप-नियम (१) अन्तर्गत प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिले नेपाल अधिराज्य भर खोप्ने कार्य गर्न सक्नेछन् ।

६. खोपको काम गरी रहेकाले प्रमाणपत्र लिनुपर्नेः– यो नियम लागू भएको अञ्चल वा जिल्लामा हाल खोपको काम गरिरहेका व्यक्तिहरूले यो नियम जारी भएको ३ महीना-भित्र खोपको काम गर्न यी नियमहरू बमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गर्नुपर्दछ । सो प्रमाणपत्र प्राप्त नगरी खोपको काम गर्न पाइने छैन ।

## परिच्छेद–३

### खोपको औषधि, अभिलेख र प्रमाणपत्र

७. खोपको औषधिः– (१) खोप्ने व्यक्तिले खोपाउंदा प्रतिष्ठित कम्पनीले बनाएको म्याद ननाघेको खोपको औषधि (स्टचाण्डर्ड भ्याक्सिन) को मात्र प्रयोग गर्नुपर्छ ।

(२) कसैले म्याद नाघेको वा काम नलाग्ने खोपको औषधिको प्रयोग गर्न वा बिक्री वितरण गर्न हुंदैन । यस्तो औषधि तुरुन्त स्थानीय क्षेत्रको खोपको सुपरिण्टेण्डेण्ट-लाई बुझाइदिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. <u>अस्वस्थताको प्रमाणपत्रः–</u> (१) खोपाउने बालक अस्वस्थ देखिएमा नियम १० मा उल्लिखित व्यक्तिहरूले देहायका कुराहरू खोली अस्वस्थताको प्रमाणपत्र दिनुपर्छः–

(क) अस्वस्थताको कारण,

(ख) अवधि,

(ग) बालकको नाम,

(घ) वर्ष,

(ङ) धर्म,

(च) लिंग,

(छ) सो बालक बसेको स्थानीय पञ्चायतको नाम,

(ज) संरक्षकको नाम,

(झ) संरक्षकको पूरा ठेगाना ।

(२) उप–नियम (१) बमोजिमको प्रमाणपत्र दिने व्यक्तिले खोपाउने बालक यति दिनमा स्वस्थ हुन सक्तछ र त्यसरी स्वस्थ भएमा यति दिन पछि खोपाउन हुन्छ भनी खोप्नको निमित्त मिति तोक्न सक्ने छ ।

९. <u>खोपको अभिलेखः–</u> (१) बिफर नियन्त्रण कार्यक्रम अन्तर्गत दिइएको सबै खोपको अभिलेख राख्नुपर्छ ।

(२) सफल खोप र असुरक्षित बालकको अभिलेख सम्बन्धित क्षेत्रको कार्यालयमा रहनेछ ।

(३) खोपसम्बन्धी देहायबमोजिमको रिपोर्टलाई देहायबमोजिम गरी पेश गर्नुपर्छः–

(क) खोपाउने ठाउँ बाहेक अन्यत्र खोपेकोमा खोप्ने व्यक्तिले विवरण खोली सम्बन्धित सुपरिटेण्डेण्ट छेउ रिपोर्ट गर्ने,

(ख) हरएक खोपाउने ठाउंबाट खोपेको रिपोर्ट विफर नियन्त्रण कार्यक्रमको प्रमुख अफिसमा आफ्नो क्षेत्र मार्फत महीना महीनामा पेश गर्ने ।

(ग) हरेक क्षेत्रको खोपाउने ठाउँबाट प्राप्त सबै फाँटवारी एकत्रित गरी समुचित रिपोर्ट सम्बन्धित सुपरभाइजरले जोनल अफिसमा पेश गर्ने,

(घ) जोनल अफिसले रिपोर्ट संकलन गरी विफर उन्मूलन प्रोजेक्टमा पठाउने र,

(ङ) विफर उन्मूलन प्रोजेक्टमा संकलन भएको सबै रिपोर्ट स्वास्थ्य सेवा बिभाग, सरुवा रोग नियन्त्रण शाखामा पठाउने ।

१०. <u>खोपेको प्रमाणपत्र दिनुपर्नेः–</u> (१) हरएक खोप्ने व्यक्तिले सफल खोपेको प्रमाणपत्र दिनुप ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिमको प्रमाणपत्र खोप्ने व्यक्ति बाहेक अरू डाक्टर, कम्पाउण्डर, ड्रेसर, नर्स, हेल्थ असिस्टेण्ट, अग्जुलरी हेल्थ वर्कर, असिस्टेण्ट नर्स मिडवाइफ र स्वास्थ्य सेविकाहरूले खोपेमा निजहरूले पनि दिनुपर्दछ ।

११. मेहनतानाः- (१) नियम ३ को उप-नियम (३) बमोजिमको खोपाउने ठाउँमा बाहेक अन्यत्र सरकारी खोप्ने व्यक्तिलाई खोप्नको निमित्त कुनै व्यक्तिले अफिस समय बाहेकको समयमा बोलाएमा जान हुन्छ र त्यसरी गएकोमा निजले उप-नियम (२) बमोजिमको मेहनतना स्वीकार गर्न हुन्छ ।

(२) उप-नियम (१) को प्रयोजनको लागि खोप्ने व्यक्तिले प्रत्येक कलको रू. १।- एक रुपैयां र त्यसरी बोलाउने व्यक्तिको परिवारमा प्रत्येक खोपको थप दश पैसाको दरले मेहनतना लिन पाउने छ ।

१२. खोप्ने व्यक्तिले लगाउने चिन्हः- (१) खोपको सुपरिण्टेण्डेण्टले लगाउने चिन्ह अनुसूची २ बमोजिमको हुने छ ।

(२) अन्य सरकारी खोप्ने व्यक्तिले लगाउने चिन्ह अनुसूची ३ बमोजिमको हुने छ ।

## परिच्छेद-४

### विविध

१३. पञ्चायतको सहयोग लिन सक्नेः- (१) यस नियमावलीको उद्देश्य कार्यान्वित गर्नको निमित्त आवश्यक परेमा सुपरिण्टेण्डेण्टले नगर तथा गाउँ-पञ्चायतको सहयोग माग्नसक्ने छ र त्यसरी माग भै आएमा पञ्चायतले पनि देहायको कुरामा सहयोग दिनुपर्नेछः-

(क) खोपाउने स्थानको जानकारी सम्बन्धित वडाका सदस्यहरूलाई तुरुन्त बोध गराउने,

(ख) वडा सदस्यले पनि आफ्नो वडाको हरएक कमिटीलाई खबर गर्ने,

(ग) तोकिएको स्थान र समयमा आफ्नो वडाको क्षेत्रभित्र रहेको सबै बालकहरूलाई उपस्थित गराउने,

(घ) खोपाउने स्थानमा सो वडाको पञ्चायत सदस्य वा निजले खटाएको व्यक्ति उपस्थित भई खोप्ने काममा आवश्यक सहायता गर्ने, र,

(ङ) खोपाउने कार्यमा बालकहरूको संरक्षकलाई बढी से बढी सहयोग प्रदान गर्न आवश्यक प्रोत्साहन दिने ।

१४. पुनरावेदनः- यो नियमावलीको प्रयोग गर्दा कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो मर्का पर्ने व्यक्तिले प्रचलित कानूनबमोजिम श्री ५ को सरकारमा पुनरावेदन गर्न सक्ने छ ।

39

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ (३) संग सम्बन्धित)

खोपाउने ठाउँको चिन्ह प्रदर्शन यस प्रकारको हुने छ ।

| |
|---|
| श्री ५ को सरकार<br>स्वास्थ्य सेवा विभाग<br>बिफर नियन्त्रण कार्यक्रम |
| यहां विनापैसा सबैलाई<br>खोपाइंदै छ ।<br>स्वा० से० वि० |

## अनुसूची–२

(नियम १२ (१) संग सम्बन्धित)

खोपको सुपरिण्टेण्डेण्टले लगाउने चिन्हः– यो व्याज ४ डाइमिटरको सेतो चक्काभित्र पाखुरामा खोपिराखेको चिन्ह र रातो अक्षरले श्री ५ को सरकार वि. नि. पा. प्रो. लेखिएको हुनेछ ।

## अनुसूची–३

(नियम १२ (२) संग सम्बन्धित)

खोप्ने व्यक्तिले लगाउने चिन्हः– यो व्याज ३ चौडाइको पट्टिमा नीलो भूइँमा (कपडा) चौडाइसम्म भेटिने गरी सेतो चक्काभित्र पाखुरामा खोपिराखेको चिन्ह र नीलो अक्षरले श्री ५ को सरकार वि. नि. पा. प्रो. लेखिएको हुने छ ।

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव ।

32

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।